# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।०२ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु शिव कुमार साहसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- प्रतिवादी नेपाने माध्यमिक विद्यालयका प्रधानाध्यापक शिवकुमार साहले तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट आर्थिक बर्ष २०७३/०७४ मा ट्रस भवन मर्मत लगायतका निर्माण कार्यमा प्राप्त रकम रु.१३,३२,२९२।-हिनामिना गरेको पुष्टि हुन आएकोले निज शिवकुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १७ बमोजिमको समेत कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुनका साथै बिगो रु.१३,३२,२९२।-(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्बे रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन,
- प्रतिवादी शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक विकाश झाले शिवकुमार साहसँग मिलेमतो गरी ट्रस भवन मर्मतको रकम फर-फारक गर्नको लागि झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब तयार गरी रु.११,१०,०००।- हिनामिना दुरूपयोग गरे गराएको पुष्टी हुन आएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ र दफा १९ को उपदफा (२) बमोजिमको भ्रष्टाचारको कसूर भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन साथै रु.११,१०,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२४ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी शिव कुमार साहले के कस्तो काम गरी दफा ११ ले निषेध गरेको कार्य गरेको भन्ने कुरा आरोपदावीमा स्पष्ट रुपमा उल्लेख नगरिएको अवस्थामा सो दफा ११ अनुसारको कसूर गरेको ठहर गर्न न्यायोचित हुने नदेखिएको।
- प्रतिवादी विकाश झाले आरोपित कसूरमा इन्कार रहि वयान गरेको देखिएको।
- झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई योजना फरफारक गर्ने कार्यमा प्रतिवादीको संलग्नता रहेको भनी अर्का प्रतिवादी शिवकुमार साहले पोल गरेको नदेखिएको।
- प्रतिवादीले अनुचित लाभ लिएको भन्ने मिसिल प्रमाणबाट नदेखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।०२ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) प्रतिवादी शिव कुमार साहले गोरखा जिल्ला स्थित साविक केराबारी गा.वि.स. वाट विद्यालयलाई प्राप्त रकम रु.१६,१०,०००।- आ.व. २०७३/०७४ को रकम हो भनी खुलाई लेखाई दिएको। उक्त रकम फरफारकका

लागि निज शिवकुमार साहले शिक्षा विकास तथा समन्वय इकाइ, गोरखामा पेश गरेको श्री नेपाने माध्यामिक विद्यालय गोरखाको विद्यालय व्यवस्थापन समितिको निर्णय निज शिवकुमार साह आफैले प्रमाणित गरी शिक्षा विकास तथा समन्वय इकाईमा पेस गरेको। निजले विद्यालय व्यवस्थापन समितिको पुरानो निर्णयलाई बदनियतपूर्वक फोटोकपी गरी सो फोटोकपिमा प्रस्ताव नं. थप गरी पुनः फोटोकपि गरी त्यसलाई रकम फर्छ्यौटका लागि पेश गरेको देखिएबाट विद्यालय ब्यवस्थापन समितिले तयार गरेको निर्णय जस्तो संवेदनशील कागजात किर्ते तथा हेरफेर गरेर विद्यालय व्यवस्थापन समितिको झुट्टा निर्णय तयार गरी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसूर गरेको प्रष्ट देखिदा देखिदैं संलग्न सबुद प्रमाणहरुलाई अनदेखा गरी कसूरबाट उन्मुक्ति दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी रहेको।

ख) प्रतिवादी विकाश झाले अनुसन्धानको क्रममा मैले नेपाने मा.वि. को ट्रस भवनको रु.१६,१०,०००।- को नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको हो। यसमा भएको हस्ताक्षर मेरै हो। सो नाँपजाँच मैले विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ. को रोहवर तथा उपस्थितिमा गरेको हो।विद्यालयको ट्रस भवनको नापजाँच पनि स्थलगत रुपमा गरेको हो। समितिको निर्णय र मुचुल्काको आधारमा नापी किताब तयार गरेंको हो भनी वयान गरेको देखिएकोबाट संलग्न तथ्यगत सबूद प्रमाणहरुको मूल्याङ्कन नगरी यी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको।

ग) विद्यालय व्यवस्थापन समिति एवं प्र.अ. ले निवेदन गरेपछि मैले गएर हेरेको हूँ। मैले सो सम्बन्धमा हेर्दा सबै कार्य सम्पन्न भइसकेको देखेकोले सो हेरी कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ" भनी निजले अरु मानिसहरुले देखाएको भरमा काम सम्पन्न भएको प्रतिवेदन दिएको स्वीकार गरेको।प्राविधिकको प्रतिवेदन महत्वपूर्ण कानूनी हैसियत राख्ने प्रमाणयोग्य कागजात भएको हुँदा निजको गलत प्रतिवेदनलाई न्यायिक निकायले गम्भिर रुपमा लिई न्याय निरुपण गर्नुपर्नेमा तथ्य प्रमाणहरुको सुक्ष्म रुपमा न्यायिक विवेचना गरीएको छैन।प्रस्तुत मुद्धामा प्रतिवादी स्वयंले अरुले काम भएको भनी देखाएको कार्यलाई वास्तविक कार्य हो भनी गैर जिम्मेवारपूर्ण कार्य सम्पन्न प्रतिवेदन तयार गरी सरकारी रकम हिनामिना गर्न मिलेमतो गरेको तथ्य तर्फ नजर अन्दाज गरी यी प्रतिवादीलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **शिव कुमार साह समेत)** (वि.अ. को( मुद्दा नं. (०७६-CR-०२८५) (वि.अ. को( मुद्दा नं. ०७६-CR-०२८६वि.अ. कसूर ठहर मिति :- २०८०।०९।२४ सजाय निर्धारण मितिः- २०८०।१०।०७ | सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको | गोरखा जिल्ला,सिरानचोक गाउँपालिका-१, केराबारीमा श्री नेपाने माध्यमिक विद्यालयले भवन मर्मतका लागि पाएको १६ लाख १० हजार रुपैया “बिल मिलायर” अनियमितता गरेको साथै तत्कालीन जिल्ला शिक्षा कार्यालय गोरखाबाट आ.व.२०७३/०७४ मा Science, Math, English Lab निर्माणका लागि प्राप्त रकम रु.१,५०,०००।-(एक लाख पचास हजार), सोहि आ.व.मा साविक केराबारी गा.वि.स.बाट शैक्षिक सामग्री खरिद शीर्षकमा निकासा भएको जम्मा रु. ७२,२९२।- (बहत्तर हजार दुई सय बयानब्बे) हिनामिना गरेको भन्ने समेत ब्यहोराको उजुरी निवेदन उपर अनुसन्धान भई अनुसन्धानबाट सो विद्यालयका प्रधानाध्यापक प्रतिवादी शिवकुमार साहले तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट आर्थिक बर्ष २०७३/०७४ मा प्राप्त ट्रस भवन मर्मत वापतको रकम रू.१६,१०,०००।-(सोह्र लाख दश हजार) मध्ये रू. ५,००,०००।-(पाँच लाख) भवन मर्मत उपभोक्ता समितिलाई दिई बाँकी रकम रू.११,१०,०००।-(एघार लाख दश हजार) विद्यालय व्यवस्थापन समितिको झुट्टा निर्णय, झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन एवं झुट्टा बिल भर्पाई तयार गरी सो रकम शिक्षा विकास तथा समन्वय ईकाई, गोरखाबाट फछ्र्यौट समेत गराई, Science, Math, English Lab निर्माणका लागि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम | **१. फैसलाः**<br>विशेष अदालतबाट उक्त अदालतबाट फैसला हुँदा प्रतिवादी शिवकुमार साहले बदनियतपूर्वक झुट्टा कार्य सम्पन्न प्रतिवेदन र नक्कली विल भरपाई लगायतका कागजात पेश गरी भवन मर्मतकोलागि प्राप्त भएको रु.१६,१०,०००।-मध्ये भवन मर्मत उपभोक्ता समितिका गोबिन्द गुरुङलाई पेश्की दिएको रु.५,००,०००।-कट्टागरी बाँकी रु.११,१०,०००।-को साथै Science, Math, English Lab निर्माणकोलागि प्राप्त रु.१,५०,०००।-र शैक्षिक सामाग्री खरिदकोलागि प्राप्त रु.७२,२९२।-समेत जम्मा रु.१३,३२,२९२।-तोकिएको काममा खर्च नगरी सो कार्यहरुमा खर्च भएको देखाई बदनियतपूर्वक हानिनोक्सानी गरेको देखिएकोले निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर गरी निज प्रतिवादी शिवकुमार साहले हिनामिना गरेको जम्मा रकम रु.१३,३२,२९२।-(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्वे रुपैंयाँ)लाई विगो कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम ३ वर्ष कैद र सो दफाको उपदफा (१) अनुसार उल्लेखित विगो बमोजिम जरिवाना समेत हुने साथै ऐ.ऐनको दफा १७ बमोजिम उक्त विगो रु.१३,३२,२९२।–(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्वे रुपैंयाँ) निज प्रतिवादी शिबकुमार साहबाट असूल उपर हुने ठहर भएको तर निज प्रतिवादी उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ अनुसारको कसूर ठहर गर्न न्यायोचित हुने नदेखिएको भनि उक्त कसूरबाट सफाई दिएको देखिदा निजका हकमा आंशिक रुपमा अभियोगदावी पुग्ने ठहर भएको र अर्का प्रतिवादी विकास झाले आरोप दाबी बमोजिम कसूर गरेको भन्ने प्रमाणबाट पुष्टि हुन | **प्रतिवादी शिबकुमार साहको हकमा आरोपित कसूरमा आंशिक कसूर ठहर गरी तथा प्रतिवादी विकाश झालाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला निम्न आधारमा त्रुटिपूर्ण भै बदरभागी छ।**<br>**प्रतिवादी शिवकुमार साहको हकमाः-**<br>क) निज प्रतिवादी शिबकुमार साहलाई आरोप मागदावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा निजले सरकारी रकम हिनामिना गरेको जम्मा रकम रु.१३,३२,२९२।-(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्वे रुपैंयाँ) विगो कायम गरी सोहि ऐनको दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम ३ वर्ष कैद र सो दफाको उपदफा (१) अनुसार उल्लेखित विगो बमोजिम जरिवाना समेत हुने साथै ऐ.ऐनको दफा १७ बमोजिम उक्त विगो रु.१३,३२,२९२।–(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्वे रुपैंयाँ) निज प्रतिवादी शिबकुमार साहबाट असूल उपर हुने ठहर गरी फैसला गरेको सो हद सम्म पुनरावेदन जिकिर लिईरहनु पर्ने नदेखिएको।आरोप मागदावी बमोजिम निज प्रतिवादी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसूर ठहर नभएको सो हदसम्म पुनरावेदन जिकिर लिईएको छ।<br>(ख) गोरखा जिल्ला स्थित साविक केराबारी गा.वि.स. वाट विद्यालयलाई प्राप्त रकम रु.७२,२९२।– समेत १६,१०,०००।-आ.व. २०७३/०७४ को रकम हो भनि निज शिवकुमार साहले खुलाई लेखाई दिएको देखिन्छ । उक्त रकम फरफारकका लागि निज शिवकुमार साहले शिक्षा विकास तथा समन्वय इकाइ, गोरखामा पेश गरेको श्री नेपाने माध्यामिक विद्यालय गोरखाको मिति २०७३।११।१४ को विद्यालय व्यवस्थापन समितिको निर्णय निज शिवकुमार साह आफैले प्रमाणित गरी शिक्षा विकास तथा समन्वय इकाइमा पेस गरेको भनि खुलाई दिएको देखिन्छ। सक्कलमा सो प्रस्ताव बिर्सेर थप नगरेको हो भनि खुलाई दिएबाट निजले मिति २०७३।११।१४ को विद्यालय व्यवस्थापन समितिको पुरानो निर्णयलाई बदनियतपूर्वक फोटोकपि गरी सो फोटोकपिमा प्रस्ताव नं. ३ थप गरी पुनः फोटोकपि गरी त्यसलाई रकम फर्छ्यौटका लागि पेश गरेको देखिएबाट सरकारी विद्यालयको विद्यालय ब्यवस्थापन समितिले तयार गरेको निर्णय जस्तो संवेदनशील कागजात किर्ते तथा हेरफेर गरेर विद्यालय व्यवस्थापन समितिको झुट्टा निर्णय तयार गरी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिमको कसूर गरेको प्रष्ट देखिदा देखिदैं मिसिल संलग्न समग्र सबुद प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादी शिबकुमार साहलाई उक्त कसूरबाट उन्मुक्ति दिने गरी विशेष अदालत,काठमाडौबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिंदा आरोपदावी बमोजिम कसूरकायम तथा सजाय नगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>ग) निज प्रतिवादीले विद्यालय व्यवस्थापन समितिबाट भएको निर्णय कागजात अनाधिकार वा गैरकानूनी तरीकाले बदनियतपूर्वक सच्याई हेरफेर गरेको पुष्टि भएकोले भ्रष्टाचार निवार ऐन,२०५९ को दफा ११ मा भएको कानूनी व्यवस्था वमोजिमको कसुर भएको स्पष्ट हुंदाहुदै निज प्रतिवादी शिवकुमार साहलाई अभियोग दावी बमोजिम ऐ.ऐनको दफा ११ बमोजिमको कसुर समेत गरेको मिसिल संलग्न तथ्य प्रमाणहरुबाट पुष्टि भईरहेकोमा अभियोग मागदावी बमोजिमको कसूर ठहर नगरी भएको फैसला सो हद सम्म त्रुटिपूर्ण देखिएकोले बदरभागी छ।<br>**प्रतिवादी विकाश झाको हकमाः-**<br>क) प्रतिवादी विकाश झा शिक्षा विकाश तथा समन्वय इकाइ गोरखाका तत्कालीन प्राविधिक रहेकोमा विवाद छैन।निजले अनुसन्धानको क्रममा वयान गर्दा नेपाने मा.वि.मा मैले तयार गरेको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन निर्माण कार्यको होइन, मर्मत कार्यको हो। मैले नेपाने मा.वि. को ट्रस भवनको रु.१६,१०,०००।- को नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको हो। यसमा भएको हस्ताक्षर मेरै हो। सो नाँपजाँच मैले विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ. को रोहवर तथा उपस्थितिमा गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.१,५०,०००।-(एक लाख पचास हजार) बाट Science, Math, English Lab निर्माणको कुनै कार्य नगरी, साथै साविक केराबारी गा. वि. स.बाट आ.व.२०७३/०७४ मा शैक्षिक सामग्री खरिद शीर्षकमा निकासा भएको जम्मा रु.७२,२९२।-(बहत्तर हजार दुई सय बयानब्बे) विद्यालय व्यवस्थापन समितिको झुट्टा निर्णय तयार गरी, नक्कली बिल भर्पाई पेश गरी आफूले गैरकानूनी लाभ लिने उद्देश्यले नेपाल सरकारको रु.१३,३२,२९२।-(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्बे रुपैयाँ) हिनामिना गरी भ्रष्टाचारजन्य कसूर गरेको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन आएकोले निज प्रतिवादी शिवकुमार साहले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १७ बमोजिमको समेत कसूर भएकाले निज प्रतिवादी शिवकुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुनका साथै बिगो रु.१३,३२,२९२।-(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्बे रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी हानि नोक्सानिको बिगो रू.१३,३२,२९२।-(तेह्र लाख बत्तीस हजार दुई सय बयानब्बे रुपैयाँ) सोहि ऐनको दफा १७ बमोजिम असुल उपर गरी पाउन समेतको माग दावी लिईएको छ। | नआएकोले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एवं आधारहरु :**<br>क) विशेष अदालत, काठमाण्डौले उक्त फैसला गर्दा देहायका प्रतिवादीका हकमा देहाय बमोजिमका आधारहरु ग्रहण गरेको देखिन्छ।<br>**प्रतिवादी शिवकुमार साहको हकमाः**<br>क) निज प्रतिवादीले अनुसन्धानको क्रममा गरेको वयानमा झुट्टा विल भरपाई पेश गरी योजना फरफारक गरेको भन्ने उल्लेख गरेकोमा सो वयान वेहोरा निजको इच्छा विपरीत जबर्जस्ती भएको भन्ने निजले अदालतमा जिकिर लिन सकेको नदेखिएको।<br>ख) प्रतिवादी शिवकुमार साहले अदालतमा गरेको वयानमा भवन मर्मतको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पेश गरेको प्रतिवेदनको साथै Science, Math, English Lab र शैक्षिक सामाग्रीको सन्दर्भमा गरेको स्थलगत मुचुल्कामा उल्लेख भएको बेहोरालाई अन्यथा भनेको नदेखिएको।<br>ग) विद्यालयमा प्राप्त बजेटको सञ्चालन गर्ने जिम्मेवार र अख्तियारवाला प्रधानाध्यापक पदमा रहेका यी प्रतिवादीले प्राप्त बजेट सम्वन्धित काममा खर्च नगरी झुट्टा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन र नक्कली विल भरपाईको आधारमा खर्च गरेको देखिन आएको स्थितिमा निज प्रतिवादीले बदनियतपूर्वक हानिनोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर गरेको देखिएको।<br>घ) प्रतिवादीले के कस्तो काम गरी दफा ११ ले निषेध गरेको कार्य गरेको भन्ने कुरा प्रतिवादी उपर लिएको आरोपदावीमा स्पष्ट रुपमा उल्लेख नगरीएको अवस्थामा सो दफा ११ अनुसारको कसूर गरेको ठहर गर्न | हो। विद्यालयको ट्रस भवनको नापजाँच पनि स्थलगत रुपमा गरेको हो, हचुवाको भरमा कागजात तयार गरेको होइन। तर रकम निकासा भएको बेला तथा विद्यालय बिग्रेको अवस्था मैले देखेको थिएन। विद्यालयले नापी देखाए बमोजिम नापी किताब तयार गरेको हुँ। म त्यहाँ जाँदा मलाई त्यहाँ अवस्थित देखाइएका विद्यालय ट्रस भवन मर्मत भएको भनेर देखाइयो। समितिको निर्णय र मुचुल्काको आधारमा नापी किताब तयार गरेंको हो भनि वयान गरेको देखिएको छ। यी प्रतिवादीले आफू सार्वजनिक जवाफदेहीको पदमा रहेको राष्ट्रसेवकले आफ्नो पदीय दायित्व र जिम्मेवारी पुरा गरेको नदेखिदा निज प्रतिवादीहरु विकाश झा र शिवकुमार साहले मिलेमतो गरी तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट आर्थिक बर्ष २०७३/०७४ मा प्राप्त ट्रस भवन मर्मत वापतको रकम रू.१६,१०,०००।- (सोह्र लाख दश हजार) मध्ये रू. ५,००,०००।- (पाँच लाख) भवन मर्मत उपभोक्ता समितिलाई दिई बाँकी रकम रू.११,१०,०००।-(एघार लाख दश हजार) विद्यालय व्यवस्थापन समितिको झुट्टा निर्णय, झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन एवं झुट्टा बिल भर्पाई तयार गरी सो रकम शिक्षा विकास तथा समन्वय ईकाई, गोरखाबाट फर्छौट समेत गराई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको प्रष्ट हुँदाहुदै मिसिल संलग्न तथ्यगत सबूद प्रमाणहरुको मूल्याङ्कन नगरी यी प्रतिवादीलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>ख) सिरानचोक गाउपालिका-१, केराबारी, गोरखाको नेपाने माध्यमिक विद्यालयले आ.व.२०७२/०७३ मा जिल्ला शिक्षा कार्यालयबाट भवन मर्मतका लागि पाएको रू.१६ लाख १० हजार रुपैया "बिल मिलायर" अनियमितता गरेको, स्कूल मर्मत नगरी भित्तामा ह्वाइट सिमेन्ट मात्र दलेर रू.१६ लाख हिनामिना गरेको भन्ने समेत ब्यहोराको उजुरी सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराका सि.डि.ई. शम्भु मिश्र समेतको टोलीले विद्यालयको स्थलगत अनुसन्धान गरी आयोगमा पेश गरेको मिति २०७६।५।२० को प्रतिवेदनमा भुइचालोबाट क्षतिग्रस्त भएको विद्यालयको ट्रस भवन मर्मतका लागि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट आ.व.२०७३/०७४ मा जम्मा रु.१६,१०,०००।-(सोह्र लाख दश हजार) रुपैया अनुदान प्राप्त भै विद्यालयले भुक्तानी समेत लिएको, बिद्यालयको ४ कोठे भवन मर्मतको लागि गलत लागत अनुमान तयार गरी सोही अनुसार मुल्याङ्कन गरी भुक्तानी गरेको, विद्यालयले योजना फरफारकका लागि तत्कालीन जिल्ला शिक्षा कार्यालय, हाल शिक्षा विकास तथा समन्वय ईकाइ, गोरखामा पेश गरेको कार्य सम्पन्न प्रतिवेदन पाईयो भन्ने प्रतिवेदनबाट देखिंदा शिक्षा कार्यालयबाट विनियोजन भएको रकमबाट तोकिएको कार्य नगरी सरकारी रकम हिनामिना गरेको अभियोगमा उक्त विद्यालयका तत्कालीन प्रधानाध्यापक शिवकुमार साह र नभएको कार्य भएको भनी गलत प्रतिवेदन दिने यी सफाइ पाएका प्रतिवादी विकाश झा समेत उपर अभियोजन गरीएकोमा शिवकुमार साहलाई अभियोग मागदावी वमोजिम भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर ठहर गरी सजाय भएको छ। विशेष अदालत स्वयंले सरकारी रकम हिनामिनामा भूमिका खेल्ने विद्यालयका प्रधानाध्यापकलाई भ्रष्टाचारजन्य कसूर ठहर गरी सजाय गरेको तर झुट्टा कार्यको प्रतिवेदन दिइ भ्रष्टाचारजन्य कसूरमा प्रत्यक्ष संलग्न एवं महत्वपूर्ण भूमिकामा रहेका यी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ग) प्रतिवादी विकास झाले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा आफूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.को रोहवरमा विद्यालय ट्रस भवन मर्मत वापत समेतको कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ। नयाँ निर्माण भएको भए चिन्न सजिलो हुने थियो। पुरानो मर्मत कसरी छुट्याउने ? समितिको निर्णय र मुचुल्काको आधारमा नापी किताब तयार गरेको हो भनी वयान वेहोरामा उल्लेख गरे समेतबाट यी प्रतिवादीले नयाँ पुरानो के कस्तो काम हो, यकिन नगरी विद्यालयको प्र.अ. समेतले भनेको आधारमा प्रतिवेदन दिएको स्वीकार गरेको पाइन्छ भने निजले सहिछाप गरेको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन समेतका कागजातहरु मिसिल संलग्न रहेको देखिन्छ। अर्को तर्फ सोही विद्यालयका प्रधानाध्यापक यसै मुद्दामा कसूर ठहर भएका प्रतिवादी शिवकुमार साहले अनुसन्धानमा वयानको क्रममा नापजाँच गर्न विद्यालयमा प्राविधिक नै नआएको र योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अर्का प्रतिवादी शिक्षा विकास तथा समन्वय इकाइका प्राविधिक विकाश झाले सहप्रतिवादी शिवकुमार साहसंग मिलेमतो गरी ट्रस भवन मर्मतको रकम फर-फारक गर्नको लागि झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब तयार गरी आ.व.२०७३/०७४ को विद्यालय भवन मर्मत शीर्षकको रू.११,१०,०००।-(एघार लाख दश हजार) हिनामिना दुरूपयोग गरे गराएको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट पुष्टी हुन आएकाले निज विकास झाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ र दफा १९ को उपदफा (२) बमोजिमको भ्रष्टाचारको कसूर भएकाले निज विकाश झालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनका साथै बिगो रू.११,१०,०००।-(एघार लाख दश हजार) कायम गरी सजाय गरी पाउन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोहि ऐनको दफा ३ को उपदफा (१) र र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी हानि नोक्सानिको बिगो रू.११,१०,०००।-(एघार लाख दश हजार रुपैयाँ) सोहि ऐनको दफा १७ बमोजिम असुल उपर गरी पाउन मागदावी लिई विशेष अदालत काठमाडौंमा आरोपपत्र पेश गरिएको। | न्यायोचित हुने नदेखिएको।<br><br>**प्रतिवादी विकाश झाको हकमाः**<br><br>क) आरोपित कसूरमा इन्कार रहि वयान गरेको देखिएको।<br><br>ख) झुट्टा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन बनाई योजना फरफारक गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भनी अर्का प्रतिवादी शिवकुमार साहले पोल गरेको नदेखिएको।<br><br>ग) यी प्रतिवादीले अनुचित लाभ लिएको भन्ने मिसिल प्रमाणबाट नदेखिएको। | फरफारकको लागि नक्कली कागजातहरु तयार गरीएको हो भनी लेखाइ दिएको देखिंदा यस्तो विरोधाभाषपूर्ण कथनबाट यी प्रतिवादीहरुको मिलेमतो र संलग्नतामा सरकारी रकम हानिनोक्सानी भएको तथ्यगत रुपमा स्थापित भईरहेको अवस्थामा यी प्रतिवादी विकास झाले निर्माण स्थलमा नै नआई निर्माण एवं मर्मत कार्य नहेरी कार्य सम्पन्न प्रतिवेदन दिएको स्पष्ट देखिंदा देखिंदै निज प्रतिवादी विकाश झालाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>घ) प्रतिवादी विकाश झाले अनुसन्धानको क्रममा तथा अदालतमा वयान गर्दा "म जानु भन्दा पहिले नै निर्माण तथा मर्मतको कार्य भईसकेको थियो। म गएको समय भन्दा पहिलेका योजना हुन् सो योजना सम्पन्न भइसकेको भनी हेरी पाउन शिक्षा विकाश तथा समन्वय इकाई कार्यालयमा सो विद्यालय व्यवस्थापन समिति एवं प्र.अ. ले निवेदन गरेपछि मैले गएर हेरेको हुँ। मैले सो सम्बन्धमा हेर्दा सबै कार्य सम्पन्न भइ सकेको देखेको,व्यवस्थापन समिति र प्र.अ.ले सम्पन्न भइसकेको अवस्थामा विद्यालय भवन मर्मतको काम देखाएकोले सो हेरी कार्य सम्पन्न प्रतिवेदन दिएको हुँ" भनी निज प्रतिवादीले अरु मानिसहरुले देखाएको भरमा काम सम्पन्न भएको प्रतिवेदन दिएको स्वीकार गरेको पाइन्छ। निर्माण सम्बन्धी कार्यमा प्राविधिकले सो आफ्नो सुपरीवेक्षणमा तोकिएको मापदण्ड वमोजिम गुणस्तरीय काम गराई सो कामको कार्य सम्पन्न प्रतिवेदन दिनु पर्ने दायित्व हुन्छ। प्राविधिकको प्रतिवेदन महत्वपूर्ण कानूनी हैसियत राख्ने प्रमाणयोग्य कागजात भएको हुँदा निजको गलत प्रतिवेदनलाई न्यायिक निकायले गम्भिर रुपमा लिई न्याय निरुपण गर्नु पर्नेमा उक्त फैसलामा तथ्य प्रमाणहरुको सुक्ष्म रुपमा न्यायिक विवेचना गरीएको छैन। प्रस्तुत मुद्धामा प्रतिवादी स्वयंले अरुले काम भएको भनी देखाएको कार्यलाई वास्तविक कार्य हो भनी गैर जिम्मेवारपूर्ण कार्य सम्पन्न प्रतिवेदन तयार गरी सरकारी रकम हिनामिना गर्न मिलेमतो गरेको तथ्य तर्फ नजर अन्दाज गरी यी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ ।<br>ङ) यी प्रतिवादी विकाश झाले अर्का प्रतिवादी शिवकुमार साहसंग मिलेमतो गरी ट्रस भवन मर्मतको रकम फरफारक गर्नको लागि झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा नापी किताब तयार गरी नभए नगरेको कामलाई भए गरेको भनी आ.व.२०७३/०७४ को मर्मत शीर्षकको रू.११,१०,०००।-(एघार लाख दश हजार) हिनामिना एवं दुरूपयोग गरे गराएको तथ्य मिसिल संलग्न सबुद प्रमाणहरुबाट स्थापित भई आरोपदावी बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा निज प्रतिवादीलाई आरोपित कसूर अपराधबाट पूर्ण रुपमा सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>अतः माथि उल्लिखित आधार कारणहरुबाट प्रतिवादीहरु शिवकुमार साहलाई आंशिक कसूर ठहर गरी तथा विकाश झालाई आरोपित कसूर अपराधबाट सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेकोले सो हद सम्म बदर गरी निज प्रतिवादीहरुलाई अभियोग मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ |